*" शिक्षा स्वास्थ्य र पूर्वाधार*
*समुन्नत पुतलीबजारको आधार "*

# पुतलीबजार नगरपालिकाको

नगर सभाको १७ औं अधिवेशनमा नगर प्रमुख श्री तुलसीराम रेग्मीद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८२/८३

## को

# नीति तथा कार्यक्रम

पुतलीबजार नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, स्याङ्जा

**गण्डकी प्रदेश नेपाल**

# पुतलीबजार नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यहरु :**

पुतलीबजार नगरपालिकाको नगर प्रमुखको हैसियतले नगर सभाको १७ औं सभामा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र इतिहासका विभिन्न कालखण्डहरुमा भएका प्रजातान्त्रिक आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै हाल सम्म भएका विभिन्न प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्ने सम्पूर्ण अग्रज नेतागणहरु, प्रथम जन निर्वाचित प्रधानमन्त्री स्वर्गीय विशेश्वर प्रसाद कोइरालाज्यू र प्रजातान्त्रिक आन्दोलनमा सहभागी भई आन्दोलनलाई सफल बनाउन साथ तथा सहयोग दिने महान् नेपाली दिदीबहिनी तथा दाजुभाईहरुलाई समेत यस अवसरमा स्मरण गर्न चाहन्छु।

हाम्रो नेतृत्वमा संचालित स्थानीय सरकारका रुपमा हामीले यस नगरपालिकाको आर्थिक, सामाजिक, रुपान्तरण, सामाजिक न्यायको स्थापना र सुशासन कायम गर्नका लागि **" शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार"भन्ने मूल** नाराका साथ विगत आर्थिक वर्षहरु देखि नै हाम्रा नीति तथा कार्यक्रमहरु सोही दिशा तर्फ लक्षित रहेका थिए र यसबाट पक्कै पनि नगरबासीहरुको न्यूनतम आधारभूत आवश्यकताहरु पुरा भएका छन् भन्ने आशा र विश्वास स्थानीय सरकारको प्रमुखको रुपमा मैले लिएको छु ।

नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचालित कानूनले दिएको अधिकार क्षेत्र भित्र रही संघीयताको कार्यान्वयन, सबलीकरण, स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन, नगरस्तरीय सार्वजनिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिकमैत्री शासन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने लगायतका मुख्य प्राथमिकता प्राप्तिमा हाम्रो सरकार प्रतिबद्ध छ ।

हाम्रो सरकारले अघि बढाएका नीति तथा कार्यक्रमहरूको समीक्षा, प्राप्त उपलब्धि र कार्यान्वयनबाट हासिल अनुभवलाई समेत आत्मसाथ गर्दै आगामी आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**नगरसभाका सदस्यहरु,**

अब म आर्थिक वर्ष २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## सामाजिक विकास

### शिक्षा युवा तथा खेलकुद :

१. विद्यालयको आवश्यकता र अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयका कक्षा कोठालाई प्रविधि मैत्री बनाउने तथा विज्ञान प्रयोगशाला र पुस्तकालयहरु सुदृढ गर्दै लगिनेछ ।

२. विद्यार्थी तथा शिक्षकहरुमा रहेको अन्तरनिहित क्षमतालाइ प्रस्फुटन गर्न विभिन्न शैक्षिक क्रियाकलापहरु संचालन गरी स्वच्छ प्रतिस्पर्धाका आधारमा शिक्षक तथा विद्यार्थीहरुलाई सम्मान र पुरस्कृत गरिनेछ ।

३. संघ सरकारले सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी र बालविकास केन्द्रमा अध्यापनरत शिक्षक शिक्षिकाहरुलाई दिने पारिश्रमिकमा नगरपालिकाको समेत सहभागिता सुनिश्चित गरी न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ ।

४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विषयगत समिति मार्फत शिक्षकको पेशागत हितमा सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५. विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निशुल्क सेनेटरी प्याड, आवासीय विद्यार्थीहरुलाई अपाङ्ग छात्रवृत्ति, कक्षा १ देखि १२ सम्मका बालिकाहरूलाई छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति र निशुल्क पाठ्यपुस्तक उपलब्ध गराइनेछ।

६. नगरपालिकाको ५ वर्षे शैक्षिक रणनीति सहित नगर शिक्षा योजना तयार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७. वडा समितिको सिफारिस र सम्बन्धित वडाको युवा क्लबहरुको आवश्यक सहयोग र समन्वयमा १४ वटै वडा केन्द्रमा व्यवस्थित आवश्यकताका आधारमा खेल मैदान निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

८. नगरपालिकाबाट तयार गरी कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको शिक्षक स्रोत सामग्रीको बारेमा विषयगत शिक्षकहरुलाई अभिमुखीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

९. सामुदायिक विद्यालयबाट १२ कक्षाको परीक्षा दिएका विद्यार्थीहरुलाई आवश्यकताका आधारमा लोक सेवा / शिक्षक सेवा आयोग तयारी कक्षा, क्यारियर काउनसिलिङ्ग तथा सूचना प्रविधि सम्बन्धी आधारभूत तालिम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

१०. विद्यार्थीहरूमा पठन तथा लेखन शैली विकास गर्न शिक्षण सिकाईमा सुधारका लागि रियल प्लान तथा आवधिक परीक्षाहरुमा जोड दिइनेछ ।

११. कक्षा ८ को परीक्षा नगर स्तरीय रुपमा संचालन गर्दा शैक्षिक गुणस्तरमा आएको सुधारको परिणामका आधारमा आगामी आर्थिक वर्ष २०८२/८३ मा कक्षा ५ को परीक्षा समेत नगरपालिकाबाट संचालन हुने व्यवस्था मिलाईनेछ।

१२. खेल, साहित्य, कला लगायत विविध विधामा सहभागी भई नगरको प्रतिष्ठा बढाउने नगरबासीहरुलाई आवश्यकताका आधारमा सम्मान गर्ने व्यवस्था मिलाइनेछ।

१३. अभिभावकहरुलाई विद्यालय र विद्यार्थीप्रति अपनत्व बढाउनका लागि विद्यालयमा अभिभावक शिक्षा कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१४. शैक्षिक सुधारका लागि सरोकारवाला विच अन्तरक्रिया कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१५. चालु आर्थिक वर्ष देखि कार्यान्वयनमा रहेको शिक्षक/शिक्षिकाहरुको तलब भत्ता मासिक रुपमा निकासा गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६. नगरपालिकाको आन्तरिक आम्दानीबाट बिगत देखिनै प्राविधिक शिक्षा पढ्न चाहने विद्यार्थीहरुलाई दिदैं आएको छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७. बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुका लागि स्वच्छ, ताजा रगुणस्तरीय खाजा खुवाउने प्रयोजनका लागि नगरपालिकाको आन्तरिक श्रोतबाट उपलब्ध गराउँदै आएको दिवा खाजाबापतको थप अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८. शिक्षा दिवसको अवसरमा एस.ई.ई तथा कक्षा ८ को परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै शिक्षकहरुलाई विषयगत औषत अंकका आधारमा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

१९. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र वडा स्तरीय मेयर कप (पुरुष तथा महिला ) भलिबल प्रतियोगितालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

२०. सिकाई उपलब्धि राम्रो भएकानमूना विद्यालयका असल अभ्यासहरु अनुभव आदानप्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२१. शिक्षकहरुलाई विविध उत्प्रेरणामुलक कार्यक्रमहरु तर्जुमा गर्दै लगिने छ ।

२२. वडा समितिको सिफारिस एवं युवा तथा खेलकुदप्रेमीहरुको समन्वयमा बढी भन्दा बढी नागरिकलाई सुविधा पुग्ने स्थलको चयन गरी एक **वडा एक खेल मैदान कार्यक्रम** सञ्चालन गरिने छ।

२३. सामुदायिक विद्यालयमा अध्ययन / अध्यापनरत शिक्षक बिद्यार्थी सम्मानका लागि नगरपालिकाले निश्चित मापदण्ड बनाई छनौटका आधार तय गर्ने व्यवस्था मिलाइनेछ।

**स्वास्थ्य :**

२४. संघीय सशर्तबाट संचालित स्वास्थ्य शिविरका अलावा नगरपालिकाको आन्तरिक श्रोतबाट निःशुल्क आँखाशिबिर, मोतियाबिन्दु शल्यक्रिया, पाठेघरको मुखको क्यान्सर स्क्रिनीङ्ग गर्ने कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

२५. नगरवासीहरुमा सर्ने तथा नसर्ने रोगको उपचारात्मक तथा निरोधात्मक विषयमा आम नगरवासीहरुमा जनचेतना मूलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

२६. योग, ध्यान, व्यायाम, आयुर्वेदिक उपचार पद्धति लगायत प्राकृतिक चिकित्सा मार्फत नगरवासीहरुको स्वास्थ्य सुनिश्चितता गर्ने व्यवस्था मिलाइनेछ।

२७. बाल स्वास्थ्य प्रवर्द्धनमा ध्यान दिदै नियमित खोप पोषण लगायतका कार्यक्रमहरुलाई प्राथमिकताका साथ संचालन गर्ने तथा जन्म देखी २ वर्ष मुनिका वालवालिकाहरुलाई पोषण प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

२८. जनस्वास्थ्य प्रवर्द्धनमा महिला स्वास्थ्य स्वयं सेविकाहरुको भूमिकालाई कदर गर्दैउनीहरुको सेवा प्रवाहमा थप उत्प्रेरणाको लागि संघीय सरकारसँगको समन्वयमा निशुल्क स्वास्थ्य बिमा कार्यक्रम अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

२९. संघ सरकारको सहयोगमा संचालित बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३०. समाजमा बढ्दै गएको आत्महत्या र ट्राफिक नियम उल्लङ्घन लगायतका समाजमा रहेका विकृति तथा विसङ्गतिहरुलाई न्यूनीकरण गर्न सामुदायिक तथा संस्थागत विद्यालय क्याम्पस , तथा टोल/टोलमा सचेतनामूलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

३१. सुरक्षित मातृत्वको कार्यक्रमलाई प्रभावकारी बनाउदै **"पूर्ण संस्थागत सुत्केरी पालिका घोषणा अभियान"**, तथा **क्याल्सियम चक्की वितरण कार्यक्रम**लाई समेत निरन्तरता दिइनेछ।

३२. आधारभूत स्वास्थ्य चौकी नभएका वडाहरुमा स्वास्थ्य चौकी भवन निर्माण गर्ने कार्य अगाडि बढाइनेछ र निर्मित स्वास्थ्य संस्थाहरुको मर्मत तथा सम्भार कार्यलाई प्राथमिकता दिई सहज तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

३३. नगरपालिकाभित्र स्थायी रुपमा बसोबास गर्दै आएका लक्षित वर्गकुमाल, बोटे, माझी, गन्धर्व र नगरपालिकाबाट “ग ” वर्गको अपाङ्गताको परिचय पत्र प्राप्त भएका नगरवासीहरु, वादी, महिला स्वयं सेविका र सरसफाईकर्मीहरुको निशुल्क स्वास्थ्य बिमाः गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४. जेष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य जाँच तथा औषधी वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाउदै लगिनेछ।

३५. स्वास्थ्यकर्मीहरुको पेशागत ज्ञान ,सीप र क्षमतालाई समयानुकूल विकसित गर्न क्षमता विकास गर्ने कार्यक्रमलाई संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

३६. विगत देखिनै संचालनमा रहेको नगर उपप्रमुख सँग सुत्केरी आमा पोषिलो खाना कार्यक्रमलाई निरन्तरता दिदै सुत्केरी आमा लाई ९० वटा थप अन्डा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।साथै शाकाहारी सुत्केरी आमालाई सोहि रकम बराबरको दूध वा घीउ प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

३७. मृगौला रोगीहरुको लागि  स्याङ्जा जिल्ला अस्पतालमा गरिदै आएको निशुल्क डायलेसिस सेवालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ,साथै स्याङ्गजामा रहेको प्रादेशिक अस्पताल र नेपाल रेडक्रस सोसाइटी, स्याङ्गजा शाखासँगको समन्वयमा ब्लड बैंक संचालनलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

३८. स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय सरकार मातहतका निजी स्वास्थ्य सस्थाहरुको नियमित अनुगमन तथा नगरपालिकामा अनिवार्य रुपमा दर्ता गर्ने प्रवन्ध मिलाई स्वास्थ्य सेवामा गुणस्तर सुनिश्चित गर्ने व्यवस्था मिलाइनेछ।

३९. नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुमा उपलब्ध जनशक्ति तथा श्रोतका आधारमा स्वास्थ्य संस्थाहरुमा क्रमशः गुणस्तरीय ल्याब सेवाको स्थापना र विस्तार गर्ने कार्य अगाडि बढाउने व्यवस्था मिलाइनेछ।

४०. क्षयरोग मुक्त पालिका घोषणा अभियान कार्यक्रमलाई थप प्रभावकारिताका साथ अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

४१. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सिकाइ आदानप्रदान एवं अध्ययन अवलोकन भ्रमणको प्रवन्ध गरिनेछ ।

## महिला बालबालिका तथा ज्येष्ठ नागरिक

४२. नेपाल पक्ष राष्ट्र भई गरिएका अन्तराष्ट्रिय सन्धि,सम्झौता तथा प्रतिवद्वताको कार्यान्वयनमा टेवा पुग्ने कार्यलाई अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

४३. नगरपालिका स्तरीय बाल संरक्षण समिति र बाल सञ्जालका पदाधिकारीहरुको आवश्यकताका आधारमा ज्ञान, सीप तथा क्षमता विकास गर्ने कार्य अगाडि बढाइनेछ।

४४. संघीय सरकारको घोषणा अनुसार बालश्रम मुक्त नगरपालिका घोषणा गर्नका लागि आवश्यक पर्ने कार्यक्रमहरु अगाडि बढाउने गरी क्षमता वकासका कार्यक्रम संचालन गरिनेछ ।

४५. विगत देखि नै संचालनमा रहेको **उपमेयरसँग महिला कार्यक्रम**लाई थप प्रभावकारी रुपमा अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

४६. हिसांपीडित महिला तथा बालबालिकाको राहत, उद्धार एवं पुनःस्थापनाको लागि आवश्यक कार्यक्रमहरुको पहिचान गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

४७. नगरपालिकाबाट निर्माण हुने भौतिक संरचनाहरु अपाङ्गतामैत्री, बाल मैत्री, ज्येष्ठ नागरीक मैत्री तथा महिला मैत्री हुने गरी निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

४८. विगत देखि नगर स्तरबाट कार्यान्वयनमा रहेको पुर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरुको स्याहार सुसारमा संलग्न अभिभावकलाई दिईदै आएको सुसारे भत्तालाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

४९. अपाङ्गता भएका व्यक्तिहरुले संचालन गरेका व्यवसाय दर्ता तथा नवीकरण दस्तुर साथै अन्य सिफारिस निशुल्क गर्ने व्यवस्था मिलाइनेछ ।

५०. अपाङ्गता भएका व्यक्तिहरुलाई वडाबाट दिइने सेवासुविधाका सिफारिसहरु निःशुल्क प्रदान गर्ने प्रबन्ध गरिने छ।

५१. अपाङ्गता भएका व्यवसायिक व्यक्तिहरुको व्यवसाय दर्ता तथा नविकरण शुल्क निः शुल्क गरिने छ ।साथै अपाङ्गताको क्षेत्रमा क्रियासिल संघ संस्था संग सहकार्यमा कार्यक्रम संचालन गरिनेछ।

५२. **एकल महिला मौरीघार वितरण कार्यक्रम अन्तर्गत** लक्षित वर्गलाई ५० प्रतिशत अनुदानमा मौरीघार वितरणको प्रबन्ध मिलाइने छ ।

५३. आमा तथा महिला समुहको सिफारिसको आधारमा ४० देखि ६० प्रतिशत लागत साझेदारीतामा लक्षित महिलाहरुलाई विभिन्न सीपमुलक कार्यक्रम जस्तै खानेपानी प्लम्बिङ, भाडाकुँडा, कुर्ची, वाद्यवादन सामग्री मर्मत, भवन मर्मत, गोरेटो बाटो, मन्दिर मर्मत, मादल बजाउने तालिम एंव क्षमता विकासका क्रियाकलाप सञ्चालन गरिने छ।

५४. समाजमा रहेका विद्यमान विकृति विसंगति र महिलाको समग्र विकास लगायतका बिषयमा महिला तथा किशोरी लक्षित कार्यक्रम संचालन गर्ने ब्यबस्था मिलाइनेछ ।

## खानेपानी :

५५. नगरपालिका भित्र रहेका सार्वजनिक सार्वजनिक स्थल, मन्दिर, पाटिपौवा, प्रतिक्षालय तथा सामुदायिक भवन आदिमा खानेपानी तथा शौचालयको व्यवस्थाका लागि प्राथमिकता दिइनेछ।

५६. नगरपालिका भित्र खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा ऐनको व्यवस्था गरी नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने साथै परम्परागत पानीका श्रोतहरुको संरक्षण, सम्वर्धन र प्रवर्धन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५७. नगरपालिका वासीहरुको स्वच्छ पानी पिउने मौलिक हकलाई सुनिश्चित गर्न आधुनिक प्रविधिबाट पानीको गुणस्तर परीक्षण गरी पानीको श्रोत शुद्धताका लागि विशेष कार्यक्रम संचालनमा ल्याइनेछ।

५८. नगरपालिकाको मुख्य बजार क्षेत्रमा अव्यबस्थित रुपमा संचालित खानेपानीलाई ब्यबस्थित बनाउनका लागि एकीकृत खानेपानीको वितरण प्रणाली सुरुवात गर्ने व्यवस्था मिलाइनेछ ।

## सिंचाई :

५९. सिंचाई सुविधा नभएका कृषि योग्य जमिनमा साना तथा मझौला सिचाई सुविधा पु-याइने व्यवस्था मिलाईनेछ ।

## पर्यटन प्रवर्द्धनः

६०. नगरक्षेत्रमा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको प्रचारप्रसार साथै मौलिकता झल्कने गरी थप पूर्वाधार निर्माण गरिनेछ।

६१. स्याङ्जा बजार देखि नजिक रहेका पर्यटकीय स्थलहरुमा पदयात्राको प्रवन्ध मिलाउन पैदलमार्ग निर्माण कार्य अगाडि बढाइनेछ।

६२. नगरपालिकामा रहेका साहसिक पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार तथा पूर्वाधार निर्माण कार्य अगाडि बढाइनेछ।

६३. नगरपालिकामा हुने कृषि उत्पादनलाई कृषि पर्यटन साथै पर्यापर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ।

६४. नगरपालिका भित्र रहेका धार्मिक तथा पर्यटकीय स्थानहरुमा सहज पहुच व्यवस्थापनका लागि पर्यटक जानकारीका लागि साइन बोर्ड राख्ने कार्य अगाडि बढाइनेछ ।

## आर्थिक विकास :

### कृषि :

६५. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी नगरपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने कार्यलाई प्रभावकारिताका साथ अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

६६. निर्वाहमुखी कृषि तथा पशुपालन व्यवसायमा संलग्न किसानहरुलाई आवश्यकताका आधारमा मौसम अनुसारको तरकारी तथा फलफुल र खाद्यान्न बालीको गुणस्तरीय बिउ तथा बेर्ना ५०% अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६७. सम्भाव्य वनक्षेत्रमा कृषि तथा फलफूल उत्पादनको प्रवर्द्धन गर्न एकीकृत कार्यक्रम संचालनका लागि सम्भाव्यता अध्ययन गर्ने कार्य अगाडि बढाइनेछ ।

६८. वडा समितिको सिफारिशमा सम्बन्धित टोल विकास समितिको सहयोग र समन्वयमा १४ वटै वडामा पायक पर्ने स्थानमा नर्सरी स्थापना गर्ने कार्य अगाडि बढाईनेछ ।

६९. निर्वाहमुखी कृषि तथा पशुपालन व्यवसायमा संलग्न कृषकहरुलाई आवश्यकताका आधारमा ५० % अनुदाममा कृषि औजार, उपकरणहरु अनुदानमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७०. कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गरिनेछ ।

७१. वास्तविक कृषकलाई सरल एवं सहज ढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिईनेछ ।

७२. कृषि योग्य भूमिको माटो परीक्षण शिविर संचालन गरी माटोको उपचारको साथै माटोको प्रकार अनुसारको बालीनाली लगाउन कृषकलाई प्राविधिक सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७३. नगरलाई सुन्तलाको शहरको रुपमा विकास गर्न सुन्तलाको उत्पादन, गुणस्तरको व्यवस्थापन र बजारीकरणमा सहज हुने खालका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

७४. नगर क्षेत्रमा स्थापना भएको नर्सरीको स्तरउन्नतिको लागि प्राविधिक सहयोग गरी, सुन्तला उत्पादक कृषकहरुलाई सुन्तलाको गुणस्तरीय वेर्ना पालिकाबाटै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७५. फलफूलमा लाग्ने विभिन्न किसिमका रोगहरुको न्यूनीकरणको लागि बगैचा व्यवस्थापन सम्बन्धमा प्रत्येक वडामा स्थलगत रुपमै प्राविधिक सहयोग, स्थलगत तालिम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

७६. प्राङ्गारिक खेती प्रवर्द्धन, विषादी न्यूनीकरणका लगायतका विषयमा आवश्यकताका आधारमा कृषि व्यवसायमा संलग्न किसानहरुलाई **IPM** कृषक पाठशाला तथा सचेतनामुलक कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

७७. उत्पादनमा उप प्रमुख कार्यक्रम अन्तर्गत मौरीघार वितरण, बाख्रा वितरण कार्यक्रमको प्रबन्ध मिलाइने छ।

७८. नगरपालिका भित्र रहेका बास्तविक किसानको पहिचान गर्ने,किसानको सूचीकरण गर्ने कार्य सम्पन्न भए पश्चात परिचयपत्र उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

७९. बिगत देखि नै बाझो रहेका जग्गाहरु पहिचान गरी उपयोगमा ल्याउने जग्गा धनीलाई प्रति रोपनी नगद अनुदान दिने व्यवस्था मिलाइनेछ।

८०. कृषि व्यबसायमा संलग्न किसानलाई बन्यजन्तु बाट भएको क्षति न्यूनीकरण गर्न बनजंगल लगायतका बाझो जमिनमा वन्यजन्तुले खानेखालका बोट विरुवा तथा फलफुलका विरुवा रोप्ने कार्य अगाडि बढाइनेछ ।

## पशु सेवा

८१. विपन्न, गरिब, सामाजिक रुपमा पिछडिएका साना किसानको आय आर्जन तथा जिविको पार्जनमा टेवा पुर्‍याउन निशुल्क कुखुराको चल्ला वितरण कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

८२. नगरपालिका भित्र रहेका पशुपन्छीलाई आवश्यकताका आधारमा औषधी वितरण, पशु स्वास्थ्य शिविर, महामारीजन्य रोग विरुद्धको खोप तथा जैविक सुरक्षा सम्बन्धी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

८३. व्यवसायिक कृषकहरुका बीच अनुभवको आदान प्रदानका लागि अन्तर जिल्ला अध्ययन तथा अवलोकन भ्रमण, गर्ने व्यवस्था मिलाइनेछ ।

८४. दूधको उत्पादन बढाई दुधमा आत्मनिर्भर हुन तथा नश्ल सुधार गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

८५. भैसीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत प्राप्त संघीय सशर्त कार्यक्रममा सहलगानी गर्ने गरी नयाँ भैसी पकेट कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

८६. कुकुरको टोकाइबाट मानिसमा लाग्ने रेविज रोगनियन्त्रण गर्न कुकुरको बन्ध्याकरण तथा आवश्यक खोपको व्यवस्था मिलाइनेछ।

८७. पशुपन्छी सम्बन्धी विभिन्न किसिमका तथ्याङ्कहरु प्रभावकारी रुपमा संकलन गर्ने व्यवस्था मिलाईनेछ ।

८८. पशु सेवा केन्द्रलाई बिस्तार र मालेबगरमा निर्माणाधीन पशु बधस्थल संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

८९. पशुपन्छी सम्बन्धी व्यवसाय प्रवर्द्धनका लागि संघ तथा प्रदेश सरकार सँगआवश्यक समन्वय गर्ने व्यवस्था मिलाइनेछ ।

९०. महिला तथा अर्ध बेरोजगार र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि तथा पशु विकास व्यवसायमा आकर्षण गर्न उनीहरुको प्रस्तावका आधारमा गाई, भैसी, बाख्रा, बंगुर, कुखुरा पालनका लागि अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## श्रम तथा रोजगार

९१. वैदेशिक रोजगारीलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित, भरपर्दो, पारदर्शी तथा सहज बनाउन वैदेशिक रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति र पुनः स्वीकृतिका लागि अनलाइन आवेदन कार्य एवं वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह/सम्प्रेषण गर्ने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ ।

९२. वैदेशिक रोजगार वोर्डको सचिवालयबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा (स्वास्थ्य उपचार,अङ्गभङ्ग, मृत्यु भएको अवस्थामा ) सहयोग पु-याउने कार्यलाई निरन्तरता दिइनेछ।

९३. रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको लागि उद्यमशिलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने छ। साथै राष्ट्रिय रोजगार कार्यक्रममा साझेदारी गरी रोजगरी प्रवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ।

९४. कार्यस्थलमा हुने भेदभावलाई न्यूनीकरण गर्न श्रमको सम्मान सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

९५. अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने कार्यलाई निरन्तरता दिने व्यवस्था मिलाइनेछ।

९६. बालश्रम मुक्त वडा एवं बालश्रम मुक्त पालिका घोषणाको लागि सचेतना कार्यक्रम सञ्चालन लगायतका कार्यक्रमहरु अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

## गरिबी निवारणका लागि लघु उद्यम विकास

९७. नगरपालिकाबाट संचालित कृषि तथा पशु विकास सँग सम्बन्धित कार्यक्रमलाई गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सँग आवद्ध गरी अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

९८. नगर क्षेत्रका बेरोजगार, रोजगारी गुमाएका र उद्यम गर्न इच्छुक लक्षित वर्गहरूलाई नयाँ स्वरोजगार सिर्जना गर्न प्रोत्साहित गर्ने व्यवस्था मिलाइनेछ।

९९. लघुउद्यम विकास मोडेलमा आधारित भएर नयाँ लघु उद्यमी सिर्जना गर्ने व्यवस्था मिलाइनेछ।

१००. विगत देखि सञ्चालनमा रहेका लघु उद्यमीहरूलाई उनीहरुको ज्ञान सीप र क्षमता पहिचान गरी स्तरोन्नति गर्ने व्यवस्था मिलाइनेछ ।

१०१. लघु उद्यममा संलग्न समुहलाई प्रविधि हस्तान्तरण गरी नयाँप्रविधिको प्रयोगद्वारा उत्पादन लागत घटाउने र गुणस्तर बढाउने व्यवस्था मिलाइनेछ ।

## सहकारी

१०२. सहकारी संस्थाहरुको नियमन तथा सहकारी शिक्षा एवं सचेतना विकासका प्रवर्द्धनात्मक कार्यक्रमहरु सन्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१०३. नियमित रुपमा प्रगति पेश गर्न नसक्ने र न्यूनतम पूर्वाधार नै नभएका र सन्चालनमा आउन नसकेका निष्कृय सहकारी संस्थाहरुलाइ लिक्विडेसनमा लैजाने प्रक्रिया अगाडि बढाइने व्यवस्था मिलाइनेछ ।

१०४. सरकारको तीन खम्बे रणनीति मध्येको एक सहकारी क्षेत्र भएकोले संवैधानिक मर्म र भावाना अनुरुपका विकासात्मक गतिशिलता प्रदान गर्न सहजीकरण गरी आर्थिक सम्बृद्धिका लागि प्रोत्साहन गरिनेछ ।

१०५. स्वःघोषणाका आधारमा मर्जरका लागि निवेदन दिने सहकारी संस्थाहरुलाई गाभ्ने तथा एकीकरण गर्ने कार्यमा सहजीकरण गरिनेछ ।

१०६. सहकारी संस्थाको रकम अपचलन गर्ने सहकारी संस्था वा व्यक्तिलाई नगरपालिकाबाट उपलव्ध हुने सेवा, सुविधा तथा सहुलियतहरु बन्चित गराइ कालो सूचीमा राख्ने तथा कडाइका साथ निगरानी गर्ने व्यवस्था मिलाइनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाह

१०७. संघीय शासन प्रणालीको सबलीकरण तथा तहगत योजना प्रणालीमा अन्तर सम्बन्ध कायम हुने गरी समन्वय र सहजीकरण गरिने व्यवस्था मिलाइनेछ।

१०८. सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित नगरपालिकाको कार्य क्षेत्र भित्रका विषयमा बन्न बाँकी कानून निर्माण गर्ने कार्य अगाडि बढाइनेछ।

१०९. स्थानीय सरकार संचालन ऐन, २०७४ अन्तर्गत नगर सभाबाट गठित विभिन्न समिति (न्यायिक समिति, लेखा समिति लगायतत्) का पदाधिकारी र कर्मचारीहरुको क्षमता वृद्धि गरी प्रभावकारी रुपमा न्याय निरुपण गर्ने व्यवस्था मिलाइनेछ ।

११०. नगरपालिकाको आन्तरिक स्रोतको परिचालन, प्राथमिकीकरण, विनियोजनलाई मितव्ययी रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

१११. श्रोत बाँडफाँटलाई समन्यायिक, सन्तुलित र अनुमानयोग्य बनाउन खर्चको आवश्यकता र नगरपालिकाको आन्तरिक श्रोतका आधारमा वडा शिलिङको व्यवस्थापन गरिनेछ ।

११२. नगरपालिकाबाट खरिद हुने वस्तु तथा सेवा प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी बनाउन आगामी आर्थिक वर्षमा छनौट भएका योजनाहरुको वार्षिक खरिदयोजना तथा गुरुयोजना बनाई सो खरिद योजना अनुसार योजनाहरु कार्यान्वयन र वस्तु तथा सेवा खरिद गर्ने व्यवस्था मिलाइनेछ ।

११३. उपभोग्य वस्तुहरुको गुणस्तर सुनिश्चित गर्न बजार अनुगमनलाई थप प्रभावकारी तुल्याई बहु सरोकारबाला निकाय सहितको विशिष्टीकृत बजार अनुगमन संयन्त्र परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

११४. पुतलीबजार प्रज्ञा प्रतिष्ठानसँगको सहकार्य, समन्वय र अगुवाईमा विभिन्न क्षेत्रका सर्जकहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ र उक्त प्रतिष्ठानको संस्थागत क्षमता विकास गर्ने कार्य अगाडि बढाइनेछ ।

११५. युवा जनशक्ति परिचालन र क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

११६. कर्मचारी प्रशासनलाई चुस्त परिणाममुखि र व्यवसायिक बनाउन आवश्यकता अनुसार कार्यरत जनशक्तिहरुलाई क्षमता विकास तालिम दिने व्यवस्था मिलाइनेछ ।

११७. प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली मार्फत वित्तीय सुशासन कायम गर्दै लगिनेछ साथै आन्तरिक तथा अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएका बेरुजुलाई सम्परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

११८. दिगो विकास, आवधिक योजनाका लक्ष्यहरुलाई आन्तारिकीकरण र स्थानीयकरण गर्दै लगिनेछ ।

११९. स्थानीय तहमा समायोजन भई आएका कर्मचारीहरुको अनिवार्य दायित्व तथा सेवा निवृत्त सुविधालाई संस्थागत रुपमा व्यवस्थापन गर्दै लगिनेछ ।

१२०. कार्यसम्पादन मूल्याङ्कन र नतिजाका आधारमा दण्ड तथा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।

१२१. नागरिकको प्रत्यक्ष संलग्नता रहने सुशासनका औजारहरु सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

१२२. उपभोक्ता हित तथा अधिकारको कार्यान्वयन तथा नियमनमा विशेष ध्यान दिइनेछ ।

१२३. अनाधिकृत रुपमा निर्मित संरचना तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१२४. राजश्व असुलीलाइ प्रभावकारी वनाउन करदाता शिक्षा, उत्कृष्ट करदातासम्मान लगायत अभिमुखीकरण तथा घरदैलो अभियान संचालन गरिनेछ ।कर प्रशासन सुधार र सूचना प्रविधिको प्रयोगबाट करदाता मैत्री राजश्व प्रणाली विकास गरिनेछ । विद्युतीय माध्यमबाट घरबाटै राजस्व तिर्ने व्यवस्थाका विषयमा आवश्यक प्रचार प्रसार गर्ने व्यवस्था मिलाइनेछ ।

१२५. नगरभित्रका मेलमिलाप केन्द्रको संस्थागत विकास र मेलमिलापकर्ताहरुको क्षमता विकासका लागि पहिचानका आधारमा आवश्यक तालिम संचालन गर्ने व्यवस्था मिलाइनेछ।

१२६. सार्वजनिक सुनुवाइको माध्यमबाट संस्थागत सेवा प्रवाह चुस्त र दुरुस्त पार्न सेवा प्रदायक र सेवाग्राही नागरिकबीच दोहोरो सम्वाद गर्ने व्यवस्था मिलाइनेछ ।

१२७. नगरपालिका क्षेत्र भित्र रहेका रेडियो तथा टेलिभिजन मार्फत नगरपालिकाबाट संचालित विकास निर्माण सँग सम्बन्धित कार्यक्रम तथा गतिविधिहरुलाई प्रचार प्रसार गरी आम नगरबासीलाई सु-सूचित गर्ने व्यवस्था मिलाइनेछ ।

१२८. जनप्रतिनिधि तथा कर्मचारीहरुको सिकाई तथा क्षमता विकासका लागि सम्वद्ध निकाय तथा क्षेत्रमा अध्ययन अवलोकन भ्रमण गराइनेछ ।

१२९. नदीजन्य स्रोतको उत्खनन्, प्रशोधन तथा विक्रीमा सहकार्य गर्दै पूर्वाधार निर्माण सामाग्री अभाव हुन नदिने गरी नदीजन्य स्रोत परिचालन एवं व्यवस्थापन गरिनेछ ।

१३०. सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउँदै नागरिकको पहुँच सुनिश्चित गर्न निरन्तर सूक्ष्म निगरानी गर्ने व्यवस्था मिलाइनेछ। जनगुनासाहरुको शीघ्र सम्बोधनका लागि गुनासो सुन्ने अधिकृत सहितको टिम परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

१३१. खरिद कार्यलाई परिणाममूखी र प्रभावकारी बनाउन सार्वजनिक खरिद ऐनको पूर्ण पालना गर्ने व्यवस्था मिलाइनेछ ।

१३२. नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई संघीय तथा प्रदेश सरकारको नीति अनुरुप आन्तरिक पर्यटन प्रवर्द्धनका लागि पर्यटन काज उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१३३. सामाजिक सुरक्षा कार्यक्रममा लाभग्राहीहरुको वायोमेट्रिक प्रणाली अवलम्बन गरिनेछ ।

१३४. महिला जनप्रतिनिधिहरुलाई लक्षित गरी प्रशिक्षण र क्षमता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१३५. विभिन्न विधामा उत्कृष्ट स्थान हासिल गर्ने श्रष्टाहरुको सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३६. नगरपालिकाको क्षेत्रभित्र पर्ने सिद्धार्थ राजमार्गका मुख्य-मुख्य स्थानमा दुर्घटना न्यूनीकरण गर्ने हेतुले सचेतना मूलक नोटिस बोर्ड जडान हुने प्रबन्ध मिलाइनेछ ।

१३७. नगरपालिकाको आवधिक पञ्च वर्षीय योजनालाई राष्ट्रिय तथा प्रादेशिक योजनासँग तादात्म्यता कायम हुने गरी अध्यावधिक गर्ने व्यवस्था मिलाइनेछ।नगरपालिकाको मध्यकालीन खर्च संरचना र योजना वैंक तयार गरी संघीय तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

## भौतिक पूर्वाधार विकास :

१३८. नगरपालिका स्तरीय गौरवका योजनाहरु साथै अधुरा योजनाहरुलाई प्राथमिकता दिई निर्माण कार्य अगाडि बढाइने छ।

१३९. आगामी आर्थिक वर्षमा योजना छनौट गर्दा सकेसम्म टुक्रे योजनालाई निरुत्साहित गरी दीर्घकालिन रुपमा प्रतिफल दिने खालको ठुला आयोजनाहरु छनौट गरी निर्माण कार्य अगाडि बढाइने छ।

१४०. नगरपालिका भित्र निर्माण हुने संरचनाहरु निर्माण गर्दा स्थानीय श्रोत तथा साधनहरुको उच्चतम प्रयोग हुने आयोजनालाई प्राथमिकता दिइनेछ।

१४१. उपभोक्ता समिति मार्फत गरिने योजनाहरु सम्झौतादेखि फरफारक सम्मका कार्यलाई अझ सहज र सरल बनाउन सफ्टवेयर अपग्रेड गरी सम्पूर्ण प्रकिया वडाबाट हुनका लागि व्यवस्था मिलाउने, उपभोक्ता समिति मार्फत गरिने योजनाहरुमा पार्दर्शिता, जवाफदेहिता र गुणस्तरियता कायम गर्दै समयमा सम्पन्न गर्न गराउन उपभोक्ता कमितिको क्षमता विकास गरिने छ।

१४२. उपभोक्ता समितिको तर्फबाट हुने लागत सहभागितालाई प्राथमिकता दिइनेछ।धेरै लागत सहभागिता गर्ने उपभोक्ता समिति र सम्बन्धित टोललाई योजना छनौटमा प्राथमिकता दिइनेछ।

१४३. उपभोक्ता समितिबाट निर्माण गरिने १० लाख भन्दा माथिका योजनाहरुमा इन्सुरेन्स तथा ५ % धरौटी काट्ने प्रक्रिया अगाडि बढाइने छ।

१४४. निर्मित पूर्वाधारहरुको मर्मत सम्भार तथा दिगो व्यवस्थापनका लागि लाभग्राही सहितको योगदान समेत रहने गरी मर्मत सम्भारका लागिबजेट विनियोजन गरिनेछ।

१४५. विकास निर्माणका कार्यहरु संचालन गर्दा लक्ष्य, उद्धेश्य तथा श्रोतको सही प्रयोग भएनभएको / हेर्नकालागि अनुगमन तथा मूल्यांकनलाई विशेष प्राथमिकता दिइनेछ ।

१४६. नगरपालिका भित्र निर्माण हुने योजनाहरुको गुणस्तर नाँपजाँच तथा गुणस्तर कायम गर्ने प्रयोजनका लागि प्राविधिक प्रयोगशाला निर्माण प्रक्रिया अगाडि बढाइनेछ।

## भवन आवास वस्ती तथा शहरी विकास,

१४७. सेवाग्राहीहरुलाई सहज सेवा प्रवाहका लागि नगरपालिका भवन साथै वडा कार्यालय भवन र स्वास्थ्य चौकीहरुको भवन निर्माण तथा मर्मत गरिनेछ।साथै नगरपालिकाभित्र निर्माण हुने भवनहरु अपांगमैत्री ,बालबालिका मैत्री र महिलामैत्री बनाउदै लगिनेछ।

१४८. नगरपालिकाभित्र रहेका हरेक घरधुरीहरु अभिलेखीकरण गरी घ रसंकेत नम्बर तोक्ने कार्य अगाडि बढाइनेछ।

१४९. नक्सापास कार्यलाई विद्युतीय माध्यमबाट सेवाग्राहीलाई सहजहिसावले घर नक्शा सम्बन्धी कार्य गर्न सफ्टवयरमा परिमार्जन तथा अपग्रेड गरिनेछ।

१५०. नगरपालिका भित्र निर्माण हुने मठ-मन्दिरहरुमा सिमेन्टजन्य निर्माण कार्यलाई न्युनिकरण गरि पुरात्तव झल्किने चुना-सुर्खी, इटा, सालको काठ, तामाको छाना आदिको प्रयोग गरि निर्माण गर्न जोड दिइने छ।

१५१. नगरपालिकाको स्वामित्वमा रहेका भवन तथा अन्य संरचनाहरुको व्यवस्थापनका लागि आवश्यक कार्यविधि तथा मापदण्ड स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

१५२. सरकारी तथा गैरसरकारी भवनहरु साथै वित्तीय संस्थाहरुको अभिलेखीकरणका लागि पहल गरिनेछ।

१५३. घर निर्माण तथा सहजीकरण कार्यलाई व्यवस्थित बनाउन साथै सुरक्षित भवन निर्माण गर्नका लागि राष्ट्रिय भवन संहिता अनुरुप भवन मापदण्ड निर्माण गरी कार्यान्वयन गरिनेछ।

१५४. सहरी सौन्दर्यका लागि एक घर एक फलफूल विरुवा तथा एक वडा एक हरियाली पार्क निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

## सडक,पुल तथा यातायात

१५५. नगरपालिका भित्र नयाँ ट्र्याक खोल्ने कार्यलाई व्यवस्थित गर्दै लगिनेछ। आर्थिक, प्राविधिक र वातावारणीय दृष्टिले उपयुक्त देखिएका स्थानमा मात्र नयाँ ट्र्याक खोल्ने अनुमति दिइनेछ। हाल संचालनमा रहेका ग्रामिण सडकहरुमा नाला कल्भर्टको व्यवस्था तथा ग्राभेल गरि स्तरोउन्नति गर्दै लगिने छ।साथै नगरपालिका अन्तर्गतका सार्वजनिक सवारी साधन चल्ने मोटरबाटोहरुमा मर्मतसम्भार गरी नियमित संचालन गर्ने प्रवन्ध मिलाइनेछ।

१५६. वडा कार्यालय तथा स्वास्थ्य चौकी सम्म पुग्ने सडकहरुमा सहज पहुँचका लागि सो सडकलाई पक्की सडकको रुपमा निर्माण /विस्तार गर्ने कार्य अगाडि बढाइनेछ।

१५७. सडक निर्माण कार्य गर्दा सडकको मापदण्डलाई मान्यता दिइनेछ। साथै सडकहरुको दायाँबायाँ न्युनतम १ मिटर सोल्जर सहित ४ मिटरको न्युनतम चौडा भएको सडक निर्माण गरिनेछ।

१५८. सडकको निर्माण गर्दा दिगो तथा वातावारण मैत्री बनाउन पहल गरिनेछ। दाँया वायाँ पशुपालनका लागि घाँस र बृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ ।

१५९. नगरपालिका भित्र निर्माण गर्नुपर्ने सडक पुल, झोलुंगेपुलको आवश्यकता पहिचान गरी निर्माण प्रक्रिया अगाडि बढाउन पहल गरिनेछ।

१६०. नगरपालिका भित्र रहेका धार्मिक एतिहासिक तथा पर्यटकीय स्थलहरुमा यातायातको सहज , पहुँचका लागि सडक स्तरोन्नति गर्ने कार्य अगाडि बढाइने छ ।

१६१. नगर क्षेत्र भित्रका सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्ने कार्य अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

## जलश्रोत विद्युत तथा वैकल्पिक उर्जा ,

१६२. सार्वजनिक स्थल, बजार, धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थलहरुमा सौन्दर्यकरणका लागि फलफूलका विरुवा रोप्ने कार्य साथै रात्रीकालिन सुरक्षाका लागि सडक बत्ती जडान तथा सिसि क्यामरा जडान कार्य अगाडि बढाइने छ ।

१६३. टोल विकास समितिसँग समन्वय गरी विद्युतीय प्रसारण लाइन वरपर रहेका रुखविरुवाहरु हटाउने कार्य गरिनेछ।

१६४. नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा नगर क्षेत्रभित्रका अव्यवस्थित रुपमा रहेका टेलीफोन तार तथा अन्य विद्युतीय तारहरु हटाई बजारको सौन्दर्यता बढाउने कार्य अगाडि बढाउन पहल गरिनेछ ।

## सूचना तथा संचार

१६५. नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सुशासन , जवाफदेहिता तथा पारदर्शिताको प्रत्याभूत गराउन पालिकाको गतिविधिहरुलाई प्रविधिमैत्री बनाउदै लगिनेछ ।

१६६. नगरपालिकाको सूचना सम्प्रेषणको लागि आधिकारिक फेसबुक वेबसाइट तथा मोबाइल , एपको प्रयोग गरिदै आएकोमा यसका अतिरिक्त अन्य प्रभावकारी र सहज माध्यमहरुको पहिचान गरी प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१६७. नगरपालिकाको सूचना र समाचारहरुलाई आकर्षक र अपाङ्गतामैत्री बनाउन इन्फोग्राफिक्स , भिडियो सूचना तथा अन्य किसिमको सूचनाहरुको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

१६८. सूचना प्रविधि सम्बन्धी सीप र ज्ञान अभिवृद्धि गर्नको लागि जनप्रतिनिधि , कर्मचारी तथा विद्यार्थीहरुलाई तालिम तथा अभिमुखीकरण गरिनेछ ।

१६९. नगरपालिकामा विद्यमान Digital Divide( डिजिटल डिभाइड) न्यूनीकरण गर्ने र सेवा तथा सूचनाहरुमा सर्वसाधरणको समान पहुँच वृद्धि गर्न Nepal Telecom तथा अन्य ISP हरु सँग सहकार्य गरिनेछ भने इन्टरनेट तथा टेलिकम सेवा पुग्न बाँकी रहेको स्थान पहिचान गरी सेवा विस्तारको कार्य अगाडि बढाउने व्यवस्था मिलाइनेछ ।

१७०. नगरपालिकामा शान्ति सु-व्यवस्था र सुरक्षाका लागि विगतमा जडान गरिएका CCTV CAMERA को प्रयोगको अनुगमन तथा आवश्यकता अनुसार मर्मत र आवश्यकता अनुसार वडा कार्यालयहरुमा थप जडान गरिनेछ।

१७१. साइवर सुरक्षा तथा साइबर अपराध जस्ता संवेदनशील विषयमा नगरवासीहरुलाई जानकारी गराउन सचेतनामुलक इन्फोग्राफिक्स सूचनाहरुको सम्प्रेषण गरिनेछ ।

१७२. नगरपालिकाद्वारा निर्मित Dynamic Digital Profile अध्यावधिक तथा Real Time Data राख्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

१७३. नगरपालिकामा सम्पन्न योजना तथा कार्यक्रमहरुको जी.आइ.एस मा आधारित भिजुवल डाटा संकलन र भण्डारण गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी सम्प्रेषणको लागि पालिकाको वेबसाइटमा ए आइ च्याटबट फिचर जडान गर्न पहल गरिनेछ ।

१७५. सुझाव संकलन तथा गुनासो व्यवस्थापन गर्नको लागि वेबाईटमा रहेको complaint feature को प्रचार प्रसार तथा कार्यावन्यन गर्ने व्यवस्था मिलाइनेछ ।

## वन वातावरण तथा विपद् व्यवस्थापन

१७६. वडा स्तरमा स्थानीय विपद् व्यवस्थापन समितिलाई प्रभावकारी रुपमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१७७. सफाईकेन्द्रमा कार्यरत कर्मचारीहरुको स्वास्थ्य विमा र टि.टि. खोप लगाईने प्रवन्ध मिलाईने छ ।

१७८. सार्वजनिक सवारी साधनहरुमा सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिने छ।

१७९. सहश्राव्दी दिगो विकास लक्ष्यको लक्ष्यको नं.१३ अनुसार जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिने छ ।

१८०. उत्पादन स्थलमा नै कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी संकलन तथा व्यवस्थापन गर्न आधुनिक उपकरणहरु खरिद गरी प्रयोगमा ल्याईने छ ।

१८१. डढेलो, बाढी व्यवस्थापन, सुख्खा र जल पूर्नभरण गर्न स्थानीय सामग्री प्रयोग गरी प्रत्येक वडामा सर्वेक्षण गरी कम्तीमा एक वडा एक पोखरी निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

१८२. जलवायु परिवर्तनको असर न्यूनीकरण र जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति तथा कार्ययोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

१८३. विपदबाट प्रभावित संरचनाहरुको पुनः निर्माण तथा पुनः व्यवस्थापनका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी उच्च प्रथामिकता दिई कार्य अगाडि वढाईने छ ।

१८४. विपद् जोखिम न्यूनीकरण तथा राहतका लागि नगरपालिकामा विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१८५. विपद् पूर्व र पछिको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउन वडास्तरमा स्वयंमसेवी (विपद् सूचकहरु) संस्थाहरु व्यवस्थापन गरी वडा तथा नगरपालिकालाई आवश्यक श्रोत साधनको प्रवन्ध मिलाईने छ ।

१८६. फोहोरमैला व्यवस्थापन शुल्कबाट टोल विकास संस्थाहरुले प्राप्त गर्ने २५ प्रतिशत रकमबाट टोलकै निर्णयमा सरसफाई अभियानमा खर्च गर्ने प्रवन्ध मिलाईने छ ।

१८७. **"सफा नगर स्वच्छ शहर"** भन्ने नारा सार्थक पार्न सफाई अभियान संचालन गर्ने र सफाई केन्द्रमा आवश्यक संरचना निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।

१८८. जलवायु परिवर्तनको प्रभाव तथा असर न्यूनीकरणका लागि नीजि क्षेत्रसँगको सहकार्यमा विविध कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

**नगरसभाका सदस्यज्यूहरु,**

नेपालको संविधान, प्रचलित ऐन,कानून र नगरपालिकाले विगत देखि अवलम्बन गर्दै आएका नीति तथा कार्यक्रम समेतलाई आत्मसात गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।आर्थिक वर्ष २०८२/८३का लागि प्रस्तावित यो नीति तथा कार्यक्रमको प्रभावकारी

कार्यान्वयनबाट नगरबासीहरुको चाहना तथा आकांक्षा पुरा भई नगरपालिकाको समग्र विकासमा योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा आगामी आर्थिक वर्षको प्रस्तावित नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्ने जिल्ला स्तरीय राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्युहरु, संचारकर्मी, नागरिक समाजका अगुवा तथा प्रतिनिधिहरु, विज्ञ समूहका संयोजक तथा सदस्यज्यूहरु, सम्पूर्ण नगरवासी आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु, कार्यपालिका तथा नगर सभाबाट गठित विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, नगरसभा सदस्यज्यूहरु र राष्ट्रसेवक कर्मचारी मित्रहरु सबै प्रति धन्यवाद व्यक्त गर्दै यसको सफल कार्यान्वयनमा सरोकारवाला सबैबाट सकारात्मक सहयोग र साथ प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यवाद !**